# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको ४५ औं [redacted] बैठकका निर्णयहरु

### (२०७७ भाद्र १९ गते बिहान ८:०० बजे)

निर्णय नं १

भरतपुर महानगरपालिकाले संचालनमा ल्याएको भरतपुर महानगरपालिका कोभिड– १९ आइसोलेसन केन्द्र सञ्चालन कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २

भरतपुर महानगरपालिकाको मिति २०७७ भाद्र ८ गतेको निर्णयानुसार गठन भएको कोभिड– १९ आइसोलेसन केन्द्र संचालन/व्यवस्थापन समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

भरतपुर महानगरपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीहरुको आ. व. २०७७/०७८ को तलबि प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ४

भरतपुर महानगरपालिका क्षेत्रभित्र लागुहुने न्युनतम वहालका सम्बन्धमा तयार पारिएको न्युनतम मूल्लाङ्कन प्रतिवेदन २०७७ लाई प्राप्त सुझावहरु समेत समावेस गरी परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ५

भरतपुर महानगरपालिका कोभिड १९ आइसोलेसन केन्द्र संचालनका लागि आवश्यक रकम अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ६

चालू आ. व. को योजनाको लगत इस्टमेट गरी सम्झौता गर्ने कार्य २०७७ असोज मसान्त सम्म कायम गर्ने निर्णय गरियो ।

निर्णय न ७

भरतपुर महानगरपालिकाको गत आ.व. मा उपभोक्ता समितिसँग सम्झौता भइ संचालित भएका कल्भर्ट पुल बाहेकका योजना सम्पन्न गर्ने म्याद २०७७ कार्तिक मसान्त सम्म कायम गर्ने र कल्भर्ट पुल पुलेसाहरुको हकमा २०७७ मंसीर मसान्तसम्म कायम गर्ने र सोहि समयसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ८

भरतपुर महानगरभित्रका विभिन्न ८ (आठ) स्थानको ढुङ्गा, गिटी, बालुवा उत्खननका लागि IEE गरी ठेक्का प्रक्रिया सुरु भएको विषय वैठकमा जानकारी गराइयो:

1. भरतपुर महानगरपालिका वडा नम्बर २९ रिग्दि खोला भोर्ले १५ किलोजुगेडी खोला र आसपासका क्षेत्रहरु
2. भरतपुर महानगरपालिका वडा नम्बर १ ठिमुरा क्षेत्र अन्तरगत त्रिशुली नदीको तटीय क्षेत्र
3. भरतपुर महानगरपालिका वडा नम्बर ४ नारायणी सामुदायीक वन अन्तर्गतको नारायणी नदीको तटीय क्षेत्र एवं मझुवा क्षेत्र
4. भरतपुर महानगरपालिका वडा नम्बर १६ ज्ञानेश्वर सामुदायीक वन अन्तर्गत नारायणी नदीको तटीय क्षेत्र एवं मझुवा क्षेत्र
5. भरतपुर महानगरपालिका वडा नम्बर १६ सिद्धिगणेश सामुदायीक वन अन्तर्गत नारायणी नदीको तटीय क्षेत्र एवं मझुवा एवं सेतीदेवी सामुदायीक बनको तटीइ क्षेत्र
6. भरतपुर महानगरपालिका वडा नम्बर १७ मझुवा सामुदायीक वन अन्तर्गत नारायणी नदीको तटीय क्षेत्र एवं मझुवा क्षेत्र
7. भरतपुर महानगरपालिका वडा नम्बर २७/२८ न्यूरे चोक एवं मलुवा घाट क्षेत्र
8. भरतपुर महानगरपालिका वडा नम्बर ११ को खगेरी खोला

निर्णय नं ९

नारायणी नदिमा आएको बाढिवाट कटान भइ क्षतिग्रस्त महानगरको वडा नम्वर २८ निउरे चोकको तटबन्ध निर्माण तथा मर्मतका लागि स्थानीय स्तरमा भएको खर्च ठूला ढुंगा, जालि तथा ससाना ढुंगा र ग्राभेलको खर्च मध्ये ग्रावेलको हकमा प्राप्त विल भर्पाइको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ९ विविध निर्णयहरु:

क भरतपुर महानगरपालिका वडा नं ११, १२, ९, ८, ७, ५, ६, २२, २३ २४ र २५ हुँदै रासि नदीमा मिसिने केरुङ्गा ड्रेन/घोलको सौन्द्रर्यकरण गरी पर्यटन प्रवर्द्धन गर्न डिपिआर तयार गर्ने र बजेटका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने निर्णय गरियो

ख भरतपुर महानगरपालिकाको लेखा समितिको कार्य विवरण (TOR) पारित गर्ने निर्णय गरियो ।

ग भरतपुर महानगपालिका कोभिड १९ आइसोलेसन केन्द्र बागेश्वरीमा इन्टरनेट सुविधा उपलब्ध गराउने र सो को लागि आवश्यक बजेट महानगरको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

घ आर्थिक वर्ष २०७६/७७ को सम्पति विवरण सबै जनप्रतिनिधि तथा पदाधिकारी र कर्मचारीले तोकिएको म्याद २०७७ भाद्र २८ गते भित्र महानगरपालिकामा पेश गर्ने विषय जानकारी गराइयो ।

ङ भरतपुर महानगरपालिका नगर कार्यपालिका सदस्य श्री धन कुमारी बि.क.को पति श्री छविलाल विश्वकर्मा रामदामको गत २०७७ भाद्र १२ गते भएको असामयिक निधनको खवरले महानगरपालिका परिवार स्तब्ध र मर्माहत भएको छ । शोकको यस दुःखद घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकूल परिवारजनमा समवेदना प्रकट गर्दै शोक प्रस्लाव पारित गरियो ।

२०७७/५/१३

नगर प्रमुख